Volume 01, Issue 01, 2024. pp. 109–118
Research Article



# सामाजिक मानवशास्त्रको दृष्टिमा परिवार

शुक्रराज अधिकारी[१], गंगा आचार्य[२]
[१,२] सामाजिक कार्य केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल

**Article Info .**

*Corresponding Author*
**Shukra Raj Adhikari**

*Email*
shukrarajadhikari3@gmail.com

*Article History*
Received: 23 Aug. 2024
First Revised: 12 Sept. 2024
Second Revised: 29 Sept. 2024
Accepted: 05 Oct. 2024

*Cite*
Adhikari, S . R ., & Acharya, G. (2024). सामाजिक मानवशास्त्रको दृष्टिमा परिवार (Family through the lens of social anthropology). *Rabi Sangyan*, *1*(1), 109–118.

**Abstract (लेखसार)**

समाजशास्त्री एवम् मानवशास्त्रीहरूले परिवारलाई सामाजिक र जैविक दुवै खालको सम्बन्धको एकीकृत स्वरूपको रूपमा चर्चा गर्ने गरेका छन् । यसै सन्दर्भमा यस आलेखको मूल ध्येय सामाजिक मानवशास्त्रीय सैद्धान्तिक दृष्टिका आधारमा पारिवारिक सम्बन्धलाई विश्लेषण गर्नु रहेको छ। यस अनुसन्धानमा उद्देश्य प्राप्तीका लागि गुणात्मक अनुसन्धान ढाँचा अन्तर्गत अन्तरवस्तु विश्लेषण विधिको प्रयोग गरी प्राप्त भएका सूचनाहरूलाई अन्तरवस्तु विश्लेषण विधिकै माध्यमबाट विश्लेषण गरिएको छ । परिवार सामाजिक संरचनाको एक अधारभूत तत्वको रूपमा रहेको पाईयो । परिवारको उत्पत्ति सम्वन्धमा समाजशास्त्री एवम् मानवशास्त्रीहरूका बीचमा फरक–फरक धारणा रहेको देखियो । उद्विकासवादी दृष्टिले परिवारको स्वरूप क्रमिक रूपमा विकास हुँदै आएको तर प्रसारवादी दृष्टिकोणअनुसार पारिवारिक संरचना कुनै ठाउँ विशेषमा रहेको परिवारबाट निर्माण भएर सर्दा–सर्दै खास स्वरूपमा आईपुगेको हो। यी दुई सिद्धान्तको मत परस्पर विपरित रहेको देखिन्छ। सांस्कृतिक पर्यावरण र प्रतीकवादी सैदान्तिक अवधारणाले जीविकोपार्जनको विधि एवम् प्रतीकको अर्थ खास खालको भौगोलिक परिवेश तथा पर्यावरणीय स्वरूपमा निर्भर रहन्छ भन्ने कुरामा जोड दिएको छ। जैविकीय समाजशास्त्रीय दृष्टिले भने पारिवारिक संरचना तथा परिवारभित्र अवलम्बन गरिने सम्पुर्ण मानवीय ब्यबहारहरू जैविक गुण तथा वंशानुगत गुण 'जीन' बाट प्रभावित हुने तर्क गरेको छ । परिवारभित्र कायम रहने मानवीय सम्बन्धका स्वरूपहरूको गहिराई पहिल्याउन एउटै दृष्टिकोणबाट मात्र अध्ययन गरेर सम्भव नहुने रहेछ भन्ने निचोडम प्राप्त भयो।

शब्दकुञ्जीः उद्विकासवाद, परिवार, प्रतीकवाद, प्रसारवाद, सामाजिक जीवशास्त्रवाद, सामाजिक मानवशास्त्र

## विषय प्रवेश

परिवार शब्द अंग्रेजी भाषाको Famulus शब्दको नेपाली रूपान्तरण हो । अंग्रेजीको Family शब्द ल्याटिन भाषाको Famulus शब्दबाट व्युत्पत्ति भएको मानिन्छ । ल्याटिन भाषामा Famulus शब्दले दास तथा नोकरलाई बुझाउँछ । यसबाट 'आफ्नो बंशजहरूको सेवा गर्ने' भन्ने भाव प्राप्त हुन्छ । यसरी हेर्दा परिवार शब्दको अर्थले खास खालको सेवा तथा कर्तव्यसँग सामिप्यता राख्दछ। परिवार आफैँमा बहुवचनरूपी शब्द स्वरूप हो। एक व्यक्ति मात्रले परिवारको पूर्णत्व जाहेर नगरी दुई वा दुईभन्दा बढी व्यक्तिहरूबीचको अन्तरनिहित भाव परिवार शब्दले जाहेर गर्दछ। दुई भन्दा बढी व्यक्तिबीचको सम्बन्धका दुईओटा स्वरूप हुन्छन्। एक सामाजिक सम्बन्ध जहाँ समाजले बनाएका मूल्य मान्यता तथा भूमिकाले व्यक्ति व्यक्तिलाई जोड्दछ। अर्को जैविक तथा वंशजको सम्बन्ध जहाँ दुई व्यक्तिबीचको सम्बन्धमा रगत जोडिन्छ अर्थात् वंशाणुगत सम्बन्ध जोडिन्छ । परिवारभित्र यी सामाजिक र जैविक दुवै खालका सम्बन्धहरूको संयोजन रहन्छ । त्यसैले समाजशास्त्री एवम् मानवशास्त्रीहरूले परिवारलाई सामाजिक र जैविक दुवै खालको सम्बन्धको एकीकृत स्वरूपको रूपमा चर्चा गर्ने गरेका छन् (Adhikari et al., 2024e) । परिवार सामाजिक संरचनाको एक अधारभूत तथा सुक्ष्म सामाजिक संस्था हो (Adhikari et al., 2024a) । यसले मानवीय एवम् लैङ्गिक सम्बन्धलाई व्यवस्थापन गर्छ (Adhikari, 2020b)।


Copyright©2024: Author(s). Published by Rabi Campus, Panchthar Nepal

Farely (1999) परिवारलाई सन्तान उत्पादनको स्वीकृत एक ढाँचाको रूपमा व्याख्या गरेका छन् भने म्याकईभर एण्ड पेजले परिवारलाई निश्चित यौन सम्बन्धद्वारा स्थापित मानव समूहको रूपमा व्याख्या गर्दै जसले शिशु उत्पादन गरी पालनपोषण गर्ने व्यवस्था पनि गर्दछ भनी उल्लेख गरेका छन् । परिवारले शिशुको मात्र नभएर परिवारका सम्पुर्ण सदस्यहरूको आर्थिक उत्पादन एवम् खर्चको व्यवस्थापन गर्दछ (Adhikari, 2020a) । त्यसैगरी (Hensline, 1997; Haralambos & Heald, 2010) ले परिवारलाई एउटै घरमा बस्ने, रक्त सम्बन्ध, स्वार्थ, पारस्परिक कतर्व्यको आधारमा समान भावना राख्ने समूहको रूपमा चर्चा गरेका छन् । त्यसैगरी, (David & Liz, 2002; Adhikari, 2020d; Adhikari, 2024) ले परिवारलाई विवाह, रक्तसम्बन्ध, धर्म पुत्र पाल्ने बन्धनमा सम्बद्ध व्यक्तिहरूको समूह हो, जसले गृहस्थीको निर्माण गर्दै आपसी अन्तरक्रिया गरी पति–पत्नी, आमा–बुबा, छोरा –छोरी र भाइ–बहिनीको रूपमा आफ्ना सामाजिक कार्यहरू गरिरहन्छ र एउटा सामान्य संस्कृति निर्माण गरी त्यसको रक्षा गर्ने निकायको रूपमा व्याख्या गरेका छन्।

मोर्गनले परिवार एक सक्रिय प्रक्रियाको शुरूवात हो । परिवार कहिल्यै स्थिर हुँदैन र समाजले तल्लो चरणबाट माथिल्लो चरणमा विकास गर्दै गएअनुसार यसले पनि सधैं निम्न रूपबाट उच्च रूपमा सङ्क्रमण गरिरहेको हुन्छ। यसको विपरित वंशसम्बन्ध प्रथा निस्कृय हुन्छ। परिवारले एक लामो अवधि पार गरिसकेपछि मात्र यस प्रथामा प्रगति हुन्छ र त्यसै बेला यसमा मौलिक परिवर्तन देखा पर्दछ ) (Engels, F. (1902)।

उल्लेखित विद्वानहरूको तर्कलाई हेर्दा परिवार भनेको ठ्याक्कै एउटै दृष्टिले हेर्दा देखिने बुझिने समूह रहेनछ । सामाजिक संरचनाको आधारभूत तत्व मानिस हो समाजशास्त्रीय दृष्टिमा मानिसको वैवाहिक सम्बन्ध नभई समाज भित्र मानिसको आगमन सम्भव छैन । जब मानिस वैवाहिक सम्बन्धमा बाँधिन्छ तब मात्र परिवारको सिर्जना हुन्छ यो वैवाहिक सम्बन्ध रक्त सम्बन्धले भन्दा पनि सामाजिक सम्बन्धले निर्माण गर्दछ (Palgrave, 1997; Matson, 2005 )। सामाजिक सम्बन्धले निर्माण भएकोप्रति पत्नीको संयोजन स्वरूपको परिवारले जब सन्तान उत्पादन प्रक्रिया आरम्भ गर्दै नयाँ सदस्य निर्माण गर्दछ त्यसपछि निर्माण हुने सम्बन्धमा जैविक तथा रक्त सम्बन्धको भूमिका रहन आउँछ । जस्तो बुबा छोरा एवम् आमा छोरी, छोरा छोरीको सम्बन्धको जग वंश तथा रगतसँग जोडिएको देखिन आउँछ (Adhikari, 2021; Adhikari, 2022)।

यसरी परिवार संरचनाभित्र देखिने सामाजिक सम्बन्ध र रक्त सम्बन्धको दुवै पक्षलाई हेर्न बुझ्न शुद्ध समाजशास्त्रीय दृष्टि तथा मानवशास्त्रीय दृष्टिले मात्र सम्भव हुँदैन। त्यसको लागि समाजशास्त्र र मानवशास्त्रलाई मिश्रण गराएर सामाजिक मानव शास्त्रीय सोसल एन्थ्रोपोलोजीको दृष्टिकोणको सहयोग लिनुपर्ने हुन्छ। किनभने शुद्ध रूपमा हेर्दा समाजशास्त्रले जैविक तथा वंशगत कुरालाई भन्दा बढी सामाजिक सम्बन्धको स्वरूपलाई समाजशास्त्रीय दृष्टिकोणबाट मात्र परिवारलाई हेर्न बुझ्न खोज्दा जैविक तथा वंशगत सम्बन्धको आयाम छुट्न जाने सम्भावना बढी रहन्छ। अर्कोतर्फ शुद्ध मानवशास्त्रीय दृष्टिबाट मात्र परिवार संरचना तथा विकासलाई अध्ययन, मनन, चिन्तन तथा विश्लेषण गर्ने हो भने यसले मानिस–मानिसबीचको सामाजिक सम्बन्धलाई भन्दा बढी जैविक तथा वंशगत सम्बन्धलाई मात्र समेट्ने खतरा रहिरहन्छ।

त्यसैले परिवारको उत्पत्तिको स्वरूप, विशेषता, पारिवारिक सम्बन्ध, पारिवारिक भूमिकालगायतका परिवार संरचनासँग जोडिएका विषयवस्तुहरूको लागि सुद्ध समाजशास्त्रीय तथा सुद्ध मानवशास्त्रीय दृष्टि मात्र उपयुक्त नहुने ती दुवै ठाउँमा सामाजिक मानवशास्त्रको दृष्टिकोण निर्माण गरी परिवारलाई अध्ययन गर्दा परिवारको वास्तविक विश्लेषण हुन आउने भएकाले यस अध्ययनमा सामाजिक मानवशास्त्रको दृष्टिकोणबाट परिवारका विभिन्न आयामहरूलाई विश्लेषण गर्ने प्रयत्न गर्न खोजिएको छ । समाजशास्त्री तथा मानवशास्त्रीहरूले समाज विश्लेषण गर्ने क्रममा विभिन्न खालका सैद्धान्तिक अवधारणाहरूको निर्माण गरेका छन् तर एउटा अनुसन्धानमा सबै सिद्धान्तगत आँखाबाट चर्चा गर्न सम्भव त रहँदैन। त्यसैले माथि भनिए जस्तै परिवार एक सामाजिक तथा जैविक दुवै प्रकृति बोकेको सुक्ष्म सामाजिक संस्था भएकाले सामाजिक मानवशास्त्रका दृष्टिबाट पारिवारिक सम्बन्धलाई हेर्न खोज्दा देखिन आउने कुराको चर्चा गर्ने हेतुले यस आलेखलाई संगठित गर्ने प्रयत्न गरिएको छ।

## उद्येश्य तथा विधि

यस आलेखको मूल ध्येय सामाजिक मानवशास्त्रीय सैद्धान्तिक दृष्टिका आधारमा पारिवारिक सम्बन्धलाई विश्लेषण गर्नु रहेको छ। परिवारले सामाजिक र जैविक दुवै स्वरूपलाई प्रतिनिधित्व गर्ने भएकाले परिवारलाई विश्लेषण गर्दा सामाजिक मानवशास्त्रको आँखाबाट हेर्दा बढी न्याय हुन्छ भन्ने मान्यतामा यो आलेख अगाडि बढाइएको छ । सामाजिक मानवशास्त्रभित्रको आयामभित्र पनि धेरै खालका सैद्धान्तिक अवधारणाहरू निर्माण भएका छन् । तीमध्ये

उद्विकासवादी, प्रसारवादी, सांस्कृतिक पर्यावरणवादी एवम् समाजिक जीवशास्त्रवादी दृष्टिकोणबाट एउटै स्वरूपको परिवारलाई कति फरक–फरक स्वरूपमा देख्न सकिने रहेछ भन्ने कुरा कोखोजी गर्ने हेतुले यस आलेखको विषयवस्तु केन्द्रित गरिएको छ । यस खालको उद्देश्य प्राप्तिका लागि गुणात्मक अनुसन्धान ढाँचा बढी उपयोगी हुने गर्दछ (Adhikari et al., 2024g; Adhikari et al., 2024b; Adhikari et al., 2024c) । यो आलेख पूर्णत गुणात्मक अनुसन्धान ढाँचामा आधारित छ । गुणात्मक अनुसन्धान ढाँचाअन्तर्गत अन्तरवस्तु विश्लेषण लगायत धेरै विधिको प्रयोग हुने गर्दछन (Adhikari, 2020c; Adhikari et al., 2024d; Adhikari et al., 2024e; Adhikari et al., 2024b) । अन्तरवस्तु विश्लेषण विधिले ऐतिहासिक तथ्य पहिल्याउन बढी मद्दत गर्दछ (Adhikari et al., 2024f; Adhikari & Acharya, 2020; Adhikari & Khadka, 2020; Adhikari & Adhikari, 2024) । यस आलेखभित्र सामाजिक इतिहास एवम् सामाजिक मानवशास्त्रका सिद्धान्तसँग सम्बन्धित विभिन्न सन्दर्भग्रन्थ, अन्तरवस्तु विश्लेषण विधिबाट विश्लेषणगरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ।

## परिवारको उत्पत्तिको सिद्धान्त

Satpathy (2004) ले परिवार उत्पत्तिका सिद्धान्तको चर्चा गर्दै चारवटा सिद्धान्तहरू उल्लेख गरेका छन्।

### वेश्यावृत्ति तथा कामचारको सिद्धान्त :

सभ्यताको प्रारम्भिक चरणमा समाज पूर्णस्वतन्त्र थियो । मानव आफ्नो इच्छाअनुसार जुनसुकै स्त्रीसँग वासना पूरा गर्दथ्यो। सभ्यताको विकाससँगै यौन सम्बन्धमा नियमबद्ध पद्धतिले स्थान लिँदै गयो। विवाह र परिवारले व्यवस्थित ग्रहण गर्दै गयो भन्ने मान्यता यस सिद्धान्तले राख्दछ । सहायले यसलाई दन्त्यकथाका आधार भनी उल्लेख गरेका छन्।

### बहुपति प्रणालीका सिद्धान्त

यस सिद्धान्तलाई ऐतिहासिक तथ्यमा आधारित सिद्धान्तको रूपमा उल्लेख गरिएको छ। यस सिद्धान्तले ऋग्वेदको सोम र सूर्य तथा महाभारतको द्रौपदी एवम् पञ्च पाण्डवको विवाहबाट निष्कर्ष निकाल्दै पुरातन कालमा अधिक पुरूषहरू मिलेर एक स्त्रीको विवाह गर्दथे । समूहगत पत्नी हुन्थे। समयको अन्तरालमा विस्तारै–विस्तारै व्यक्तिगत पत्नीको प्रथा प्रचलनमा आयो भन्ने तर्क गर्दछन्।

### मातृप्रधान प्रणालीको सिद्धान्त

सहायले यस सिद्धान्तलाई जीवशास्त्रीय धारणामा आधारित भनी उल्लेख गरेका छन् । पुरातनकालमा मानव जङ्गली प्राणी थियो। शिशुहरूको लालनपालन आमाद्वारा हुन्थ्यो । सोह्र वर्षको अवस्थासम्म सन्ततीहरू केवल मातालाई मात्र चिन्दथे। जब शिकार गर्न जान सक्ने भएपछि मात्र सन्तानहरू विस्तारै बाबुको सम्पर्कमा पुग्दथ्यो । यस अवस्थामा सन्तानहरू बाबुको तुलनामा आमाकै पहिचान र निर्देशनमा हुन्थे । यसै क्रमबाट मातृप्रधान परिवारको स्वरूपबाट परिवारको उत्पत्ति भएको तर्क यस सिद्धान्तले गरेको छ।

### पैतृक परिवार प्रणालीको सिद्धान्त

यस सिद्धान्तलाई सहायले भाषातत्वविद्मा आधारित सिद्धान्त भनी उल्लेख गरेका छन् । विभिन्न देशका आर्य परिवारमा प्रचलित समानार्थी शब्दहरूको अध्ययन गर्दा पुरूषवाचक शब्दहरूको अधिक प्रयोग भएको र स्त्रीवाचक शब्दहरूको प्रयोग अत्यन्त न्यून तथा सम्पूर्ण आर्य वस्तीहरूमा पितृ शब्दको प्रधानता र मातृशब्दको प्रयोगको न्यूनता देखिन्छ। त्यसकारण आर्य परिवारमा पितृप्रधान परिवारको उत्पत्ति भएको भन्ने तर्क यस सिद्धान्तले व्याख्या गर्दछ । मोर्गनले परिवारको उत्पत्तिको सिद्धान्तलाई उद्विकासवादी सिद्धान्तसँगै जोडेर व्याख्या गरेका छन् । परिवार क्रमिक विकासको परिणति हो भन्दै उनले परिवारको विकासक्रम रक्त सम्बन्धको स्वरूपबाट पुनुलुवा, सिन्डासमियन (युगल), पितृसत्तात्मक र एकनिष्ठ परिवारको क्रमिक विकास हुँदै आएको तथ्य Engels (1902) ले मोर्गनलाई उद्धृत गर्दै परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति भन्ने पुस्तकमा उल्लेख गरेका छन्।

## हाड नाता तथा रक्त सम्बन्धमा आधारित परिवार

मोर्गनले जङ्गली अवस्थामा जीवनयापन गरिरहेका इरोकोइज समुदायको पारिवारिक स्वरूपको गहन अध्ययन गरेर परिवारको प्रारम्भिक स्वरूपलाई हाडनाता तथा रक्त सम्बन्धमा आधारित परिवारको नाम दिएका छन्। यो परिवार उत्पत्तिको पहिलो अवस्था हो भन्ने उनको तर्क रहेको छ। यहाँ हाडनातालाई एउटै रक्तवंशको समूहको नाताको रूपमा मोर्गनले चर्चा गरेका छन्। मोर्गनलाई उद्धृत गर्दै एंगेल्सले पनि परिवारको उत्पत्ति सिद्धान्तबारे यही कुरालाई जोडेका छन्। प्रारम्भिक चरणमा मानिस पशुवत थियो मानिस भाले र पोथीको स्वरूपमा मात्र विभक्त थियो। भाले र पोथी सबैका साझा थिए। निजी श्रीमान श्रीमतीको धारणा आइसकेको थिएन। निजी श्रीमान श्रीमतीको धारणा आइनसकेकाले पूर्ण यौन स्वछन्दतायुक्त परिवार रहेको थियो।

सबै भाले सबै पोथी समुदायका बीचमा यौन समागम हुन सक्थ्यो । बाबुको पहिचान समेत भएको हुँदैनथ्यो । गर्भधारण गर्ने, बच्चा जन्माउने भएकाले आमाको पहिचान

हुन्थ्यो र आमाले आफ्ना बच्चाको बाबुको पहिचान समेत गर्न सक्दैनथे । पोथीले एकभन्दा बढी भालेहरूसँग पनि सम्पर्क गर्ने हुँदा कुन भालेको सम्बन्धबाट गर्भधारण भयो भनेर समेत पोथीलाई थाहा हुँदैनथ्यो । आमाले समेत थाहा पाउन कठिन थियो भने बच्चाले त थाहा पाउने कुरै भएन । बच्चाको हेरचाह आमाबाट नै हुने भएकाले यस खालको परिवारलाई मात्रीवंशी तथा मातृसत्तात्मक परिवारको रूपमा पनि चर्चा गरेका छन् ।

एङ्गेल्सले त्यस अवस्थामा निजी भन्ने भावना तथा धारणा नै विकास भइसकेको थिएन भनेका छन् मानिसमा निजी धारणाको अभावमा श्रीमान श्रीमती पनि निजी हुन्छ तथा बनाउन सकिन्छ भन्ने चेतनासमेत निर्माण हुन सकेको थिएन ।

### पूनलुवा परिवार

लामो कालखण्डसम्म माथि चर्चा गरेजस्तो रक्तसम्बन्धको परिवारको अभ्यास हुँदै आएको थियो । मानवीय चेतलाई चेतना र सम्बन्धहरू क्रमिक विकास हुँदै जाने क्रममा एउटै आमाका कोखबाट जन्मेका सन्तानहरू बीचको यौन सम्बन्धलाई राम्रो नमान्ने मान्यता विकास हुँदै आयो । यस अघि एउटै परिवारदेखि अर्को भन्ने सवाल थिएन विपरीत लिङ्गी भएपछि एउटै परिवारभित्रका सदस्यहरूको बीचमा पनि यस्तो सम्बन्ध रहन्थ्यो । जस्तो आफैँले जन्माएको छोरासँग पनि उमेर परिवेश अनुसार आमाको समेत सम्बन्ध रहन जान्थ्यो । त्यस्तै दाजु बहिनी वा दिदीबहिनीबीचमा पनि एउटै आमाका सन्तानबीचमा तथा एउटै परिवारका भालेपोथी सदस्यहरूको बीचमा हुने यौन सम्बन्धलाई वर्जित गरिएपछि यौन चाहना प्राप्त गर्न पूरा गर्न अर्को छुट्टै आमाले नेतृत्व गरेको परिवारका सदस्यहरूसँग सम्बन्ध कायम हुन थाल्यो । यसबाट एउटै रक्तवंशका दिदीबहिनीहरूको यौन सम्बन्धरहित परिवारको स्वरूप निर्माण हुने प्रक्रिया आरम्भ भयो । यो एक प्रकारको समूह विवाहको स्वरूप थियो । सामूहिक पति तथा पत्निहरू आपसका दाजुभाइ तथा दिदीबहिनी हुँदैनथे । त्यसैले एक आपसमा उनीहरू पुनालुवा भनेर सम्बोधन गर्दथे । त्यसैलाई मोर्गनले पुनुलुवा परिवारको रूपमा चर्चा गरेका छन् । यस अवस्थामा आइसक्दा पनि निजी श्रीमान र श्रीमतीको अभ्यास सुरूवात भइसकेको थिएन ।

### सिन्डासमियन तथा युगल परिवार

सामूहिक विवाहको प्रचलन बढ्दै जाँदा बढी मन पर्ने एउटा श्रीमतीको निकट बढ्दै जाँदा सिन्डासमियन तथा युगल विवाहको स्वरूप निर्माण हुन थाल्यो । यसैले युगल परिवारको विकास भयो । यस युगल परिवारमा पत्नी प्रतिव्रता भएपनि पुरूषमा भने परस्त्रीगमन गर्ने परम्परा बढी देखिन्थ्यो । पुनलुवा परिवार एक किसिमको समूहगत परिवार थियो । पुनलुवा परिवार अन्तर्गत एउटा समूहका सबै छोरी मान्छे अर्को समूहका सबै छोरा मान्छेका साझा श्रीमान तथा श्रीमतीको रूपमा रहन्थे । समाज विकासको क्रममा विस्तारै एउटा समूहका सबै स्त्री र पुरूषहरूको यौन सम्बन्ध सबैसँग समान हुन नसक्ने स्थिति निर्माण हुँदै गयो । जीविकोपार्जनका लागि स्रोतसाधनको खोजी गर्न बाहिरी काममा पुरूषहरू बढी संलग्न हुन्थे । जसले गर्दा आर्थिक स्रोतको अधीन पुरूषमा निहित भएको जस्तो देखिन्थ्यो । यसै क्रममा जैविक हिसाबले पुरूष महिलाभन्दा बढी चञ्चले र शक्तिशाली गुणको हुने भएकाले आफूसँग रहेका साझा श्रीमतीहरू मध्ये जोसँग अलि बढी आफू नजिक भएको तथा यौन सन्तुष्टी प्राप्त भएको महिला छ उसलाई आफूले मात्रै यौन सम्बन्ध राख्न पाए हुन्थ्यो भन्ने सोचको विकास हुँदै जाँदा पुरूषले महिलालाई एकल श्रीमतीको रूपमा राख्न खोज्ने र साझा रूपमा रहेका अन्य पुरूषहरूलाई उसले पन्छाउने र आफूले बढी मन पराएको महिलाले अन्य पुरूषसँग सम्बन्ध राख्न पनि बर्जित तथा नियन्त्रण गर्ने प्रक्रियाले गर्दा युगल परिवारको जग बस्न थाल्यो । यहीबाट ठोस वंश तथा पितृसत्ता खालको सोचको पनि उदय हुन पुग्यो । Engels (1902) ले Morgan लाई उद्धृत गर्दै यस खालको परिवारको स्वरूपलाई सिन्डासमियन तथा युगल नामको परिवार भनेर चर्चा गरेका छन ।

### पितृसत्तात्मक परिवार

सिन्डास्मियन तथा युगल परिवार को क्रमिक विकास भएसँगै पितृसत्तात्मक परिवारको जग बसेको सन्दर्भ मर्गनलाई उदृत गर्दै एंगल्सले उल्लेख गरेका छन् । युगल विवाहसँगै पुरूषको नेतृत्व परिवारमा स्थापित हुन गयो । त्यसअघि नै घरपरिवारका लागि साधन स्रोतको जोहो गर्ने काममा पुरूषकै संलग्नता बढी हुने गर्दथ्यो । जब युगल विवाहले परिवारभित्र बाबुको पहिचान स्थापित भएपछि सन्तानहरूले आफूलाई जन्माउने बावु यही रहेछ र हामीलाई पालनपोषण गर्ने स्रोत साधन जुटाउने पनि यही रहेछ भन्ने थाहा पाएपछि सन्तानहरू बाबुप्रति बढी उदार हुन थाले र पितृवंशको जग खडा हुन पुग्यो ।

पितृवंशसँगै साधनस्रोतको व्यवस्थापन र घरको नेतृत्व लोग्ने तथा बाबुमा सर्दै गयो । यही प्रक्रियाले पितृसत्ताको जग निर्माण गयो । एंगेल्सले परिवारको यही स्वरूपलाई पितृसत्तात्मक परिवारको रूपमा उल्लेख गरेका छन् ।

परिवारमा विद्यमान श्रम विभाजनअनुसार आहार खोज्ने र त्यसको लागि आवश्यक औजारहरू तयार पार्ने

काम लोग्नेको हुन्थ्यो । त्यसैले यी औजारहरू स्वामित्वको अधिकार पनि उसैको हुन्थ्यो। विवाह सम्वन्ध विच्छेद भएको अवस्थामा यी कुराहरू पनि लोग्नेले आफूसित लिएर जान्थ्यो र घरेलु सामान स्वास्नीले राख्थिन्। यसै कारणले तत्कालीन सामाजिक परिपाटीअनुसार लोग्ने आहारको नयाँ स्रोत तथा पशुहरू र पछि गएर नयाँ औजारहरू अर्थात दासहरूको पनि स्वामी वन्न पुग्यो । सम्पत्ति बढ्दै गएपछि एक तर्फवाट त्यसले परिवारमा स्वास्नीको भन्दा लोग्नेको स्थितिलाई बढि प्रभावशाली तुल्यायो र अर्को तर्फबाट आफ्नो यस सुदृढ स्थितिको प्रयोग गर्दै परम्परागत उत्तराधिकारी प्रथालाई आफ्ना छोराछोरीको पक्षमा मोड्ने प्रवत्ति पुरूषहरूमा बढ्न थाल्यो । माताको तर्फवाट वंशानुक्रम निर्धारण गर्ने र मातृवंशानुक्रमअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा वदर गरियो । पिताको तर्फबाट वंशानुक्रम निर्धारण गर्ने र पितृवंशअनुसार उत्तराधिकार प्रदान गर्ने प्रथा चलनचल्तीमा ल्याइयो (Engels, 1992: 68) । परस्त्रीगमन गर्ने परम्पराले पितृसत्ताको जग खडा भयो त्यसपछि स्त्रीहरू पुरूषको अधिनस्थ रहन थाले । यसरी पितृसत्तात्मक परिवारको विकास भयो । यो वर्वरयुगको चरणमा विकसित भएको परिवार मानिन्छ।

### एकनिष्ठ परिवार

समाज विकासको क्रमसँगै स्थापित भएको पितृसत्तात्मक परिवारमा एक पुरुषले एकभन्दा बढी श्रीमती विवाह गर्ने चलन व्याप्त थियो र यो परिवारलाई बहुपत्नीयुक्त परिवारको रूपमा पनि बुझ्न सकिन्छ । तर महिलावादी आन्दोलन, सामाजिक चेतनाको निर्माण एवम् परिवारको स्वरूपमा आएको क्रमिक परिवर्तनले एकनिष्ठ परिवारको पनि जग निर्माण गर्दै लग्यो जहाँ एक श्रीमान एक श्रीमतीयुक्त परिवारको रूपमा बुझ्न सकिन्छ। यसको अर्थ परिवारमा श्रीमानको पनि एक मात्र श्रीमती रहने अथवा श्रीमान वा श्रीमती दुवै पति तथा पत्नीनिष्ठ तथा एकनिष्ठ हुने भएकाले एंगेल्सले यसलाई एकनिष्ठ परिवार तथा मनोग्यामी फेमिली भनेका छन्। हुनत एकनिष्ठ परिवार पनि पितृसत्तात्मक परिवार नै हो तर एंगेल्सले चर्चा गरे अनुसार पितृसत्तात्मक परिवारमा बहुपत्नीको अभ्यास धेरै थियो जब बहुपत्नी अभ्यासको अन्त्य हुँदै एक श्रीमान एक श्रीमतीमा सीमित भएपछिको अवस्थालाई एकनिष्ठ परिवारको नाम दिएका छन् (Engels, 1992) ।

हुन त वर्तमानसम्म पनि नेपाली समाजमा श्रीमती निजी भएपनि श्रीमान श्रीमतीको निजी भएको अझ देखिँदैन । कानूनले बहुविवाहलाई दण्डनीय माने पनि कानून छलेर चलनचल्तीमा बहुपत्नीको अभ्यास कायमै छ । कानूनकै दृष्टिमा पनि लगातार १० वर्षसम्म जाय जन्म नभएमा वा नपुंसक भन्ने किटानी भएमा श्रीमानले दोस्रो विवाह गर्न पाउनेसमेत व्यवस्था छ । अर्कोतर्फ नेपाली समाजकै केही भिन्न आयामहरू पनि छन् । बहुपतियुक्त परिवारको अभ्यासले पनि श्रीमान पनि मात्र होइन कि श्रीमती पनि निजी नभएको झलक दिन्छ। नेपालको डोल्पा, मुगु एवम् सोलुखुम्बु क्षेत्रमा अहिलेसम्म पनि अभ्यासमा रहेको बहुपति प्रथाभित्र श्रीमती निजी भएको अवस्था देखिँदैन। भ्रात्रिक र अभ्रात्रिक दुवै खालका बहुपतिमा श्रीमान साझा अवस्थामा रहेको देखिन्छ।

## सामाजिक मानवशास्त्रीय सैद्धान्तिक दृष्टिमा परिवार

### उद्‌विकासवादी सैद्धान्तिक दृष्टि र परिवार

सामाजिक तथा साँस्कृतिक व्यबस्था एवम् त्यस संरचनाअन्र्तगतका इकाई र इकाईहरूको अन्तरसम्बन्ध क्रमिक रूपमा विकसित हुँदै जाने प्रक्रियाबाट निर्माण हुन्छ । कुनै पनि व्यबस्था क्रमिक विकासको परिणती हो । हरेक चिज प्रारम्भमा सामान्य र सरल हुन्छ क्रमिक विकाससँगै त्यसको रूप, गुण तथा प्रकृतिमा फेरवदल हुन जान्छ । क्रमिक वृद्धिसँगै भएको रूप गुणको फेरबदलले संरचना तथा सम्बन्धलाई जटिल बनाउदै जान्छ भन्ने मान्यता यस उद्‌विकासवादी दृष्टिले राख्दछ (Ritzer, 2000) ।

उद्विकासवादी अवधारणा सामाजिक एवम् जैविक दुवै पक्षसँग सम्बन्धित रहेकाले यस अवधारणालाई सामाजिक मानवशास्त्रको सैद्धान्तिक कोटीमा राख्ने गरिन्छ। सामाजिक मानवशास्त्रको क्षेत्रमा उद्विकासवादी दृष्टिकोणलाई विभिन्न समाजशास्त्री तथा मानवशास्त्रीहरूले आफ्नै तरिकाले व्याख्या विश्लेषण गरेका छन्। समाजशास्त्रका पिता मानिने अगष्ट कम्टेले समाज विकासक्रमलाई थिओलोजिकल, मेटाफिजिकल र पोजिटिभिस्टिक गरी तीन तहमा चर्चा गरेका छन् भने अर्का समाजशास्त्री हर्बर्ट स्पेन्सरले सिकार, संकलित पशुपालन, औद्योगिक गरी ससमाजको क्रमिक विकास हुँदै आएको बताएका छन्।

त्यसैगरी Tylor (1988) ले संस्कृतिको क्रमिक विकासको चर्चा गर्दै जङ्गली, बर्बर र सभ्यता स्तरबाट हुँदै आएको बताएका छन् । त्यस्तै कार्ल मार्क्सले आदिम साम्यवादी दासयुग, सामन्तवादी युग, पुँजीवादी युग र समाजवादी युग गरेर पाँच तहमा समाजको क्रमिक विकास भएको उल्लेख गरेका छन् (Turner, 1995; Coser, 1996) ।

हुन त अगस्ट कम्टेले समाजशास्त्रको आधुनिक व्याख्या गर्नुभन्दा हजारौं वर्ष पहिलादेखि नै समाजको विकासक्रमलाई सत्य, त्रेता, द्वापर र कलियुग गरी चार तहमा सामाजिक संरचना विकास हुँदै आएको बारेमा प्राचीन साहित्यमा

विशरद चर्चा छ । त्यसले आधुनिक समाजशास्त्रीहरूले गरेको व्याख्या प्राचीन साहित्यको व्याख्याको जगमा उभिएको देखिन्छ। यसरी हेर्दा समाजशास्त्रको उत्पत्ति १८<sup>औँ</sup> शताब्दीभन्दा हजारौँ वर्ष पहिलेदेखि भएको निष्कर्षमा पुग्न सकिन्छ। जे जसरी चर्चा गरिए पनि सामाजिक स्वरूपको विकास क्रमिक रूपमा भएको कुरा सत्य हो।

यस उद्विकासवादी दृष्टिका आधारमा परिवार संरचनालाई विश्लेषण गर्दा परिवारको स्वरूप पनि क्रमिक रूपमा विकास हुँदै आएको पाइन्छ। परिवार भनेको सामाजिक संरचनाको एक प्रमुख इकाई हो (Murdock, 1949)। त्यसैले स्वभाविक रूपमा परिवारको विकास पनि क्रमिक रूपमा हुँदै आएको सहजै अनुमान गर्न सकिन्छ। प्रारम्भिक चरणमा परिवार रक्तवंशयुक्त थियो भने उद्विकासवादी प्रक्रियासँगै परिवारको स्वरूप, हाडनाता, युगल, पितृसत्तात्मक र एकनिष्ठ हुदै विभिन्न चरणबाट वर्तमान अवस्थाको परिवार स्वरूपमा आइपुगेको तथ्य उद्विकासवादी दृष्टिकोणबाट प्राप्त गर्न सकिन्छ। जसलाई परिवारको उत्पत्तिको खण्डमा माथि पनि उल्लेख गरिसकिएको छ।

**प्रसारवादी सैद्धान्तिक दृष्टि**

सामाजिक मानवशास्त्रको क्षेत्रमा उद्विकासवादी सैद्धान्तिक दृष्टिकोणको क्रमश आलोचना हुँदै गएपछि त्यही आलोचनाको जगमा प्रसारबादी सैद्धान्तिक दृष्टिकोणको निर्माण भएको हो । उद्विकासवादी दृष्टिकोणको समाज क्रमिक रूपमा फेरिँदै जान्छ भन्ने मान्यतालाई आलोचना गर्दै प्रसारावादी सिद्धान्तका व्याख्याताहरूले सामाजिक संरचनाभित्रका मूल्य मान्यता तथा सांस्कृतिक अवयवहरू खास खालको ठाउँमा मात्रै निर्माण हुने र विभिन्न माध्यमबाट त्यस खालको ठाउँबाट सबैतिर प्रसार हुँदै विभिन्न क्षेत्रमा पुग्ने गर्दछन भनेका छन् । खासगरी प्रसारवादी सिद्धान्तले सांस्कृतिक प्रसारको कुरालाई बढी केन्द्रमा राखेको देखिन्छ । यसले संस्कृति हरेक ठाउँमा निर्माण हुने नभई खास ठाउँमा विकास हुन्छ र त्यस ठाउँबाट विभिन्न माध्यमहरूबाट सर्दै सर्दै अन्यत्र फैलिदै जान्छ भनेका छन् (Tylor, 1988)। संस्कृति निश्चित खास स्थानमा मात्र उत्पन्न तथा विकसित भएर विभिन्न माध्यमबाट विभिन्न स्थानमा फैलिदै प्रसार हुन्छ। संसारका संस्कृतिहरूको अस्तित्व एवम् विकासको मूल कारण उद्विकास नभई प्रसार हो (Majumdar & Madan, 1980)। प्रसार मानिसको अनुकरण एवम् नक्कल गर्ने प्रवृत्तिका आधारमा हुन्छ। बसाँईसराई, परस्पर सम्पर्क, व्यापार, विवाह, भ्रमण, बाटोघाटो–प्रविधि, आमसञ्चार लगायतका विभिन्न माध्यमबाट सँस्कृतिको प्रसार कार्य फैलिदै जान्छ भन्ने मान्यता राख्दछ (Rivers, 1914)। सामाजिक मानवशास्त्रीय दृष्टिमा सामाजिक तथा साँस्कृतिक संरचना भित्रका विभिन्न चालचलन, रहनसहन, नियम, परम्परा, प्रथा मूल्यमान्यता, विश्वास, ज्ञान, जीवनशैली, लगायतका विभिन्न सांस्कृतिक पक्षहरू एक ठाउँबाट अर्को ठाउँमा फैलिदै जाने प्रक्रियालाई प्रसारवादी सिद्धान्त तथा दृष्टिकोणका रूपमा चर्चा गरिएको छ। प्रसार भनेको एउटा प्रक्रिया हो जुन प्रक्रियाको कारणले गर्दा साँस्कृतिक तत्वहरू एउटा समाजबाट अर्को समाजमा फैलिने गर्दछ तथा समाजको एक भागबाट अर्को भागमा पुग्ने गर्दछ।

यस प्रसारवादी दृष्टिबाट हेर्दा सनातनी संस्कृतिअन्तर्गतका परिवारहरूमा रहेको शिवलिङ्ग पूजाको चलन, सिन्धघाँटीको सभ्यताबाट प्रसार हुँदै आएको देखिन्छ । त्यसैगरी अग्निको पूजा, हवनयज्ञ लगायतका सांस्कृतिक चलनहरू वैदिक सभ्यतादेखि प्रसार हुँदै आएको देखिन्छ । यस सिद्धान्तअनुसार पारिवारिक संरचनालाई अध्ययन गर्ने हो भने एउटा परिवारभित्र अवलम्बन गरिने भाषा, भेषभुषा, खानपान, परम्पराहरू त्यही परिवारभित्र निर्माण नभई एउटा छुट्टै कुनै ठाउँ विशेषमा रहेको समाजबाट निर्माण भएर सर्दा सर्दै त्यहाँ आईपुगेको देखिन्छ।

**साँस्कृतिक पर्यावरणवादी दृष्टि र परिवार**

सांस्कृतिक पर्यावरण एउटा संस्कृति र उसको वातावरणबीचको सम्बन्धको विश्लेषण हो । मानवद्वारा निर्मित एवम् विकसित भौतिक वा अभौतिक एउटा संस्कृति र उक्त संस्कृतिभित्र रहेका मानवले बसोवास गरेको वातावरणका बीच के–कस्तो अन्तरसम्बन्ध वा अन्तर्क्रिया छ भन्ने कुराको गहन अध्ययन सांस्कृतिक पर्यावरणअन्तर्गत गरिन्छ (Ember & Ember, 1999)।

संस्कृति निर्माणको प्रक्रिया पर्यावरणसँग अन्तरनिहित हुन्छ। भन्ने मान्यतामा सांस्कृतिक पर्यावरणवादी दृष्टिकोण निर्माण भएको छ। संस्कृति मानवीय आवश्यकता हो र मानवीय आवश्यकता ठाउँ, हावापानी, भूगोल, साधनस्रोतमा आधारित रहेर जिविकोपार्जन गरिरहेको छ उसको संस्कृति पनि सोही अनुसार निर्माण हुँदै जान्छ संस्कृति निर्माण गर्ने प्रमुख आधार त्यहाँको भूगोल, हावापानी हो। जसलाई हामी पर्यावरणको रूपमा बुझ्दछौँ। पर्यावरणीय दृष्टिकोणअनुसार प्रकृति एवम् वातावरण मानिस एवम् संस्कृतिका बीच लगातार अन्तरक्रिया हुन्छ यसअन्तर्गत कहिले मानिसले प्रकृतिलाई नियन्त्रण गर्दछ र कहिले प्रकृतिले मानिसको व्यवहारलाई नियन्त्रण गर्दछ भन्ने बुझाउँदछ।। साँस्कृतिक, भौतिकवादका व्याख्याता मारभिन ह्यारिसले कल्चरल इकोलोजी को बारेमा व्याख्या गर्दै विद्यमान प्राकृतिक वातावरणलाई आफ्नो वशमा पार्न प्रयोग गरिने प्रविधिले

नै त्यहाँको जीवकोपार्जन, सामूहिक सङ्गठन, श्रम र वस्तु वितरणको प्रणालीलाई निर्धारण गर्दछ भनेका छन् (Harris, 1971) । उनले सांस्कृतिक भौतिकबादको मुख्य सारलाई उल्लेख गर्दै सांस्कृतिक भौतिकवादको सार त्यो हो जसले मानव प्राणी र उसले बाँच्नको लागि बनाएको सांस्कृतिक उपकरणद्वारा मध्यस्थ गरिएको वातावरण र व्यवहारबीचको अन्तरक्रियामाथि ध्यान केन्द्रित गर्दछ भनी पुष्टि गर्ने प्रयास गरेका छन् (Harris, 1971) ।

त्यसैगरी सांस्कृतिक पर्यावरणको अवधारणाका बारेमा जुलियान स्टेवार्डले संस्कृति मानवको पर्यावरणसँग अनुकुलन गर्ने प्रकृया हो र मानवले सृजना गरेको संस्कृति परिवर्तनशील वातावरणसँग अनुकुलन गर्ने क्रममा परिवर्तित एवम् परिस्कृत हुन्छ भनेका छन् । उनकाअनुसार मानिसको व्यवहार एवम् संस्कृति प्रकृतिलाई आफ्नो वशमा पार्न विकसित भएको प्रविधीले निर्धारण गर्दछ (Bohannan & Glazer, 1988) ।

मानिस जस्तो खालको भौगोलिक परिवेश, हावापानी, साधन स्रोतको अवस्थामा बाँचिरहेको छ सोही अनुसार मानिसको खानपान, आस्था मूल्यहरू निर्माण हुँदै गएका हुन्छन् भन्ने तर्क यस सैदान्तिक दृष्टिकोणले गर्दछ। जति धेरै पर्यावरणीय विविधता तथा भिन्नता बढ्दै जान्छ त्यति नै धेरै पारिवारिक सांस्कृतिक चाल चलनहरू, मूल्य मान्यताहरू पनि भिन्न भिन्न हुँदै जान्छन् । पारिवारिक सांस्कृतिक विविधताको निर्माण हुनुमा पर्यावरणीय विविधताले प्रभाव पारिरहेको हुन्छ । एउटा सामान्य उदाहरण हेर्‍यो भने पनि हामी यस दृष्टिकोणलाई बुझ्न सक्छौँ। जस्तो हिमालपारीको जिल्ला भनिने मुस्ताङ क्षेत्रमा धेरै मरूभूमि क्षेत्र रहेको र कालीगण्डकीको किनारमा केही मात्रामा फापर खेतीको भरमा जीवनयापन गर्नुपर्ने परिवेशअनुसार त्यस ठाउँका मानिसहरूले कसैको मृत्यु हुँदा फापर फुल्ने सिजन छ भने लासलाई गाड्ने र फापर फुल्ने सिजन छैन भने लासलाई पोल्ने अभ्यास गरेको देखिन्छ । एउटै घर परिवारमा एकै ठाउँमा किन त्यस्तो सिजनअनुसार फरक फरक सांस्कृतिक चलनको निर्माण भयो भनेर अध्ययन गर्ने हो भने त्यस खालको संस्कृति निर्माण हुनुमा त्यहाँको भूगोल तथा पर्यावरणले जिविकोपार्जन संस्कृतिमा ठूलो भूमिका खेलेको देख्न सकिन्छ।

फापर फुल्ने सिजनमा लास जलाउने गर्दा लास जल्दाको धुवाको मुस्लोले फापरको फूल झारीदिने र फापर उत्पादन घट्ने हुँदा फापर फुल्ने सिजनमा लास नजलाईकन गाड्ने परम्पराको निर्माण गरियो भने फापरको खेती नहुने सिजनमा लास नगाडिकन पोल्न पनि मिल्ने भन्ने मान्यताको निर्माणसहितको संस्कृतिको जग बसेको प्रष्ट बुझ्न सकिन्छ । सांस्कृतिक पर्यावरण सिद्धान्तगत आँखाबाट हेर्दा जस्तो खालको भौगोलिक परिवेश छ, पारिवारिक संरचनाले पनि त्यस्तै सांस्कृतिक चलनहरू निर्माण गर्दै आफ्नो परिवारको जीविकोपार्जन गरे गराएको दृष्य देख्न सकिन्छ। हरेक परिवारका चालचलन, नियम, परम्पराहरू सम्बन्धित ठाउँको पर्यावरणअनुकुल हुने गरेको देखिन्छ। जस्तो हिमाली क्षेत्रका परिवारका मानिसहरू बाक्ला कपडा लगाउँछन् तर तराई क्षत्रका मानिसहरूले पातलो कपडा लगाउदछन ।

**प्रतीकवादी दृष्टि र परिवार**

सामाजिक तथा सांस्कृतिक संरचनाभित्र खास खालका प्रतीक तथा बिम्बहरूको निर्माण भएको हुन्छ । तिनै प्रतीकात्मक बिम्बहरूको सन्देशअनुसार परिवार संरचनाका मूल्य मान्यताहरू स्थापना भएका हुन्छन् भन्ने मान्यता प्रतीकवादी सैद्धान्तिक दृष्टिकोण लिएर राख्दछ । प्रतीकवादी दृष्टिकोणले बिम्बहरूको माध्यमबाट सामाजिक तथा सांस्कृतिक अवधारणाको प्रस्तुति र अन्तरक्रिया हुने गर्दछ भन्ने ठान्दछ । प्रतीकवादले हरेक सामाजिक, संस्कृतिक संरचनाभित्र विभिन्न सांस्कृतिक प्रतिमानहरूको विकास भएको हुन्छ र तिनले सम्बन्धित साँस्कृतिक परिवेशको अर्थ प्रदान गर्दछन् र तिनै सांस्कृतिक प्रतीकका आधारमा अन्तरक्रियात्मक बोध प्राप्त हुन्छ भन्ने व्याख्या गर्दछ (Dube, 1992) । प्रतीकवादका व्याख्याता मध्येका एक क्लिफोर्ड गिर्जले प्रतीकवादको व्याख्या गर्दै प्रत्येक संस्कृति विशिष्ट हुन्छ र सबै सांस्कृतिक प्रतीकको आफ्नै प्रकारको अर्थ हुन्छ । उनकाअनुसार कुनै पनि समाजको संस्कृतिले कुनै न कुनै प्रतीकात्मक अर्थ बोकेकै हुन्छ (Bohannan & Glazer, 1988) भन्ने बुझिन्छ।

यस सैद्धान्तिक दृष्टिअनुसार परिवार व्यवस्थालाई विश्लेषण गर्ने हो भने हरेक पारिवारिक संरचनाभित्र प्रतीकात्मक स्वरूपहरू निर्माण भएको देखिन्छ। त्यसैगरी एउटा परिवार र अर्को परिवारका बीचमा पनि त्यही प्रतीकको अर्थअनुसार सूचना ग्रहण गर्ने र व्यवहारको प्रस्तुति गर्ने गरेको देखिन्छ।

जस्तो, सनातनी संस्कृतिअनुसार परिवारमा शङ्ख फुकेको आवाज आउँदा पूजापाठको अर्थ बुझिन्छ। त्यही शङ्ख एकोहोरो फुकेको आवाज आउँदा त्यस परिवार भित्र कुनै सदस्यको मृत्यु भएको हुन सक्ने अर्थ बुझिन्छ । सेतो कपडाले ढाकिएर मुडुलो टाउको र खाली खुट्टा हिँडेको देख्दा मृत्यु संस्कारमा हिँडेको अर्थ बुझिन्छ। बाजा बजेको सुन्दा विहेवारीको अनुमान गरिन्छ। अविर लगाएर हिँडेको देख्दा विजयोत्सवको अर्थ प्राप्त गरिन्छ। यसरी प्रतीकवादी

दृष्टिले परिवार परिवारमा तथा समुदाय समुदायका बीचमा प्रतीकात्मक रूपमा सांस्कृतिक अन्तरक्रिया भईरहेको देखाउँदछ।

### जैविकीय समाजशास्त्रीय दृष्टि र परिवार

सामाजिक तथा साँस्कृतिक संरचनाभित्र मानव व्यवहारको निर्धारण जैविक संरचनाले गर्दछ। सबै मानिसको जैविक स्थिति एउटै नभएकाले मानिस एकअर्कामा भिन्न देखिन्छ । जस्तो बंशानुगत गुण छ, त्यस्तै किसिमको व्यवहार प्राणीहरूबाट सम्पादन हुन्छ भनी यस जैविकीय समाजशास्त्रीय सिद्धान्तले व्याख्या गर्दछ । त्यसैगरी कुनै एउटा प्राणीको सक्षमता भन्नु त्यसको वंशानुगत गुणको सामर्थ्यता हो। त्यस कारणले नै आफ्नो सक्षमतालाई बढी भन्दा बढी देखाउन प्राणीहरू आपसी प्रतिस्पर्धामा संलग्न हुन्छन् (Nielsen, n.d.)।

प्रत्येक जीवले आफ्नो मात्र वंशाणु फैलियोस भन्ने ठान्दछ र तद्अनुरूपको व्यवहार र क्रियाकलाप प्रस्तुत गर्दछ, आफ्नो वंशाणुको फैलावट र रक्षा हुने गरी प्राणीहरू व्यवहारिक घटनाहरूमा संलग्न हुन्छन्। हरेक प्राणीको यही स्वार्थी वंशाणुले गर्दा नै प्राणीले नितान्त एकाङ्गी तथा स्वार्थी व्यवहार देखाउँदछ भन्ने दृष्टिकोण यस सिद्धान्तले अघि सारेको छ । सन् १९७५ मा एर्डवार्ड विल्सन ले सोसियोवायोलोजी : अ न्यू सिन्थेसिस नामक पुस्तकभित्र सोसियोवायोलोजीको व्याख्या गर्दै सामाजिक जीवशास्त्रले जनावरहरूको सामाजिक व्यवहार माथि वंशाणुगत गुणको प्राधान्यता रहने कुरा उल्लेख गरेका छन् (Marshall, 1998) । यस जैविकीय समाजशास्त्रीय दृष्टिबाट हेर्दा परिवारका सदस्यमा जसरी पनि सन्तान उत्पादनको चाहना रहेको देखिन्छ। परिवारका दाजुभाइ, दिदी बहिनीहरूमा पनि आ–आफ्नै सन्तानको हेरचाह बढी, आफ्नै सन्तानको माया बढी, आफ्नो सन्तानले प्रगति गरेकोमा खुशी मनाउने, सौताको छोराछोरीलाई हेला गर्ने व्यवहारहरू देखिन्छन् । अर्कोतर्फ यस दृष्टिअनुसार परिवारलाई हेर्दा जैविक दुरी तथा वंशानुगत गुण तथा 'जीन' को दुरीअनुसार नै मृत्युसंस्कारमा नुन तथा जुठो बार्ने, सम्पत्तिको अधिकार हस्तान्तरण, विहेवारीमा टिको टालो, दान दक्षिणा, नाताको तह निर्धारण गरी प्राथामिक, द्वितीय र तृतीय तहको नाता निर्माण भएको देखिन्छ।

यस अध्ययनको आधुनिक सन्दर्भलाई उजागर गर्नको लागि पूर्वीय र पश्चिमी पारिवारिक परिस्थितिको विवेचनात्मक अध्ययनमा लिङ्गको आधारमा वस्तुनिष्ठ हुने छनोट प्रक्रिया घर निर्माणका वस्तु, विभिन्न योजना व्यवस्थापनका प्रक्रिया, अध्ययन अनुसन्धानको वस्तुगत अवस्थितिमा लैङ्गिकता आदिलाई जिवन्त अनुसन्धानको विषय बनाउनु पर्ने आवश्यक छ। यस क्रममा आधुनिक अनुसन्धानमा टेवा पुऱ्याउन सक्ने स्रोतहरू (Mishra, 2020; Mishra, 2022; Mishra & Aithal 2021; Mishra & Shah, 2018) लाई नेपाली सन्दर्भको मुख्य अनुसन्धान जसमा लैङ्गिक उपस्थिति हुने गरी पुनः गर्नुपर्ने आवश्यक देखिन्छ।

## निष्कर्ष

यस अनुसन्धानअनुसार परिवार सामाजिक संरचनाको एक अधारभूत तत्वको रूपमा रहेको पाईयो । परिवारको उत्पत्ति सम्वन्धमा समाजशास्त्री एवम् मानवशास्त्रीशरूका बीचमा फरक फरक धारणा रहेको देखियो । तुलनात्मक रूपमा सहायको तर्क भन्दा एंगेल्सको अवधारणा बढी तर्कयुक्त देखिन आउछ । उद्विकासवादी दृष्टिका आधारमा परिवार संरचनालाई विश्लेषण गर्दा परिवारको स्वरूप क्रमिक रूपमा विकास हुँदै आएको थाहा पाउन सकियो तर प्रसारवादी दृष्टिकोणअनुसार पारिवारिक संरचना तथा परिवारभित्र अवलम्बन गरिने भाषा, भेषभुषा, खानपान, परम्पराहरू त्यही परिवारभित्र निर्माण नभई एउटा छुट्टै कुनै ठाउँ विशेषमा रहेको परिवारबाट निर्माण भएर सर्दा सर्दै खास स्वरूपमा आईपुगेको रहेछ भन्ने थाहा लाग्यो । परिवारसंरचना निर्माण तथा पारिवारिक सम्बन्ध स्वरूपमा यी दुई सिद्धान्तको मत भिन्नता मात्र नभएर परस्पर विपरित सैदान्तिक ब्याख्या रहेको देखियो । सांस्कृतिक पर्यावरण सिद्धान्तगत आँखाबाट हेर्दा जस्तो खालको भौगोलिक परिवेश छ, पारिवारिक संरचना पनि त्यस्तै रहेको र पर्यावरणीय स्वरूपअनुसार आफ्नो परिवारको जीविकोपार्जनको माध्यम निर्धारण गरे गराएको दृष्य देखीयो । त्यसै गरी प्रतीकवादी दृष्टिले परिवार परिवारमा तथा समुदाय समुदायका बीचमा प्रतीकात्मक रूपमा सांस्कृतिक अन्तरक्रिया भैरहेको देखायो । यी दुई सैदान्तिक अवधारणा बीचमा परस्पर विपरित तर्क देखिँदैन । जीविकोपार्जनको विधि एवम् प्रतीकको अर्थ खास खालको भौगोलिक परिवेश तथा पर्यावरणीय स्वरूपमा निर्भर रहन्छ भन्ने कुरामा मतैक्ता रहेको पाईयो। जैविकीय समाजशास्त्रीय दृष्टिले भने पारिवारिक संरचना तथा परिवारभित्र अवलम्बन गरिने सम्पुर्ण मानवीय ब्यबहारहरू जैविक गुण तथा वंशानुगत गुण 'जीन' को प्रभाव एवम् त्यसको दुरीअनुसार निर्माण तथा निर्धारण हुने जोड दिएको पाईयो। यस अनुसन्धानबाट पारिवारिक संरचना तथा परिवारभित्र कायम रहने मानवीय सम्बन्धका स्वरूपहरूको गहिराई पहिल्याउन एउटै दृष्टिकोणबाट मात्र अध्ययन गरेर सम्भव नहुने कुरा प्रष्ट हुन्छ।

## सन्दर्भ सामग्रीहरू (References)


Adhikari, S. R. & Acharya, G. (2020). Importance of historicity in analysis of gender issues. *Sociology Study, 10*(5), 216–222. https://doi.org/10.17265/2159-5526/202

Adhikari, S. R. & Khadka, S. (2020). The compulsion of foreign employment: Socio-economic circumstances of developing country. *Sociology Study, 10*(4), 184–191.

Adhikari, S. R. (2020a). Vedic aryan society and pattern of production system. *Paramita: Historical Studies Journal, 30*(2), 228–235. https://doi.org/10.15294/paramita.v30i2.24349

Adhikari, S .R (2020b). Vaidik samajik samrachana ra laingikatako Sawal. *Tribhuvan University Journal, 35*(1), 193–208. https://doi.org/10.3126/tuj.v35i1.35881

Adhikari, S. R. (2020c). Manu smriti as the protection of female in hindu philosophy: In the dimension of structural-functionalism. *Philosophy Study*, 10(11), 706–712. https://doi.org/10.17265/2159-5313/2020.11.005

Adhikari, S. R. (2020d). Social structure and patriarchal status during Swosthani Vratkatha Period. *Journal of Politics & Governance, 8*(5), 24–31.

Adhikari, S. R. (2021). Santan praptiko upaye ra vedkalin sanskritik pariwesh (System of reproduction in the socio-cultural context of Vedic Period). *Nepalese Culture, 14*(1), 86–94. https://doi.org/10.3126/nc.v14i0.35427

Adhikari, S. R. (2022). Prachin arya samaj ebm sanskritima purushatow (Masculinity in ancient aryan culture and society). *Nepalese Culture, 15*(1), https://doi.org/10.3126/nc.v15i1.48549

Adhikari, S. R. (2024). Sociological understanding of social structure and kin based human behavior. *GS WOW: Wisdom of Worthy Journal, 2*(1), 53–61. https://doi.org/10.62078/grks.2024.v02i01.005

Adhikari, S. R. Adhikari, B. S., Acharya, G., & Wasino, W. (2024e). Gender analysis through theoretical perspectives in sociology. *Asian Interdisciplinary and Sustainability Review*, *13*(2), 51–61. https://doi.org/10.14456/aisr.2024.13

Adhikari, S. R., Adhikari, B. S. (2024). Son as the way of salvation: Sociological analysis of the Preta Kalpa of Garudamahapurana. *Interdisciplinary Journal of Management and Social Sciences* (*IJMSS*) *5*(2), 203–211. https://doi.org/10.3126/ijmss.v5i2.69458

Adhikari, S. R., Adhikari, B. S., & Acharya, G. (2024b). E-learning method and university life of married female students in patriarchal social structure in sociological perspective. *Forum Ilmu Sosial, 51*(1). https://doi.org/10.15294/fis.v51i1.5218

Adhikari, S. R., Adhikari, B. S., Acharya, G . & Mishra, A. K. (2024f). Analysis of conflict oriented circumstances in the social history of the vedic period: A sociological oerspective. *International Journal of Philosophy and Languages* (*IJPL*), *3*(2), 9–20. https://doi.org/10.5281/zenodo.13294487

Adhikari, S. R., Adhikari, B. S., Acharya, G., & Mishra, A. K. (2024b). Impact of Covid-19 lockdown: Stratified livelihoods in Nepal a sociological analysis. *International Journal of Health Sciences and Pharmacy* (*IJHSP*), 8(2), 1–12. https://doi.org/10.5281/zenodo.13343773

Adhikari, S. R., Adhikari, B. S., Acharya, G., Dahal, S., Adhikari, B., & Sharma, T. (2024a). Glimpse of ancient social history through the social structure of the Mahabharata Period. *Paramita: Historical Studies Journal, 34*(1), 43–54. https://doi.org/10.15294/paramita.v34i1.47901

Adhikari, S. R., Chongbang, N., & Bhandari, M. (2024g). Sociological analysis of local support practices contribute into strengthening entrepreneurs capacity. *Intellectual Journal of Academic Research*, (*IJAR*), *2*(1), 73–84 . https://doi.org/10.5281/zenodo.13501003

Adhikari, S. R., Shrestha, I., Adhikari, B. S., & Mishra, A. K. (2024c). Social challenges of women workers in the hotel industry. *International Journal of Interdisciplinary Research in Arts and Humanities, 9*(2), 48–54. https://doi.org/10.5281/zenodo.12760577

Adhikari, S., Adhikari, B., Acharya, G., & Wasino, W. (2024d). Marginalization of men in the patriarchal social structure of the Mahabharata Period. *Asian Crime and Society Review, 11*(2), 55–65. https://doi.org/10.14456/acsr.2024.12

Bohannan, P., &Glazer M. (1988). *High points in anthropology*. New York, Ealfred Aknoff.

Coser, L. A. (1996). *Masters of sociological thought*. New Delhi: Rawat Publications.

David, M. N. and Liz, G. (2002). *Sociology of families*. London: An Imprint of Sage Publications.

Dube, S. C. (1992). *Understanding change, anthropological and perspective*. India: Vikas Publishing.

Ember, C. R., Ember, M. (1999). *Anthropology*. New Delhi: Prentice Hall

Engels, F. (1902). *Origin of the family, private property, and the state*. Resistance Book.

Farley, J. (1999). *Sociology New Jersey*. Prentice Hall, Englewood-cliffs. https://doi.org/10.4324/9781315527611

Haralambos, M. & Heald R. M. (2010). *Sociology*. New Delhi: Oxford University Press.

Harris, M. (1971). *Culture, Man, Nature*. New York: Crowell.

Henslin, J. M. (1997). *Sociology*. London: Allyn and Bacon.

Majumdar, D. N. & Madan, T. N. (1980). *An introduction to social anthropology*. Bombay: Asia Publishing House .

Marshall, G. (ed .) (1998). *Dictionary of Sociology*. New York: Oxford university Press .

Matson, R. (2005). *The spirit of sociology*. Singapore: Pearson Education pvt. Ltd.

Mishra, A. K. (2020). Empirical assessment of users committees formation and contractual process for project implementation. *International Journal of Interdisciplinary Research in Arts and Humanities, 5*(1), 1–8. https://doi.org/10.5281/zenodo.3612339

Mishra, A. K. (2022). *A reference book on comparative assessment from the eastern approach*. Intellectual's Book Palace. https://doi.org/10.5281/zenodo.6323461

Mishra, A. K., & Aithal, P. S. (2021). Socio-economic suitability of AAC block in Nepal. *Solid State Technology, 64*(2), 1234–1240. http://solidstatetechnology.us/index.php/JSST/article/view/8861

Mishra, P. A. K., & Shah, S. K. (2018). Review on global practice of housing demand fulfilment for low income group people. *NOLEGEIN:Journal of Business Ethics , Ethos &Amp; CSR, 1*(2), 5–16. https://doi.org/10.37591/njbeec.v1i2.187

Murdock, G. P. (1949). *Social structure*. New York: The MacMillan Company.

Nelson, J. M. (n.d) S*ex and gender in society*. Colorado: University of Colorado.

Palgrave (1997). *Introductory sociology*. New York.

Ritzer, G. (2000). *Classical sociological theory.* USA: MacGraw Hill Higher Education .

Rivers, W. H. R. (1914). *Kinship and social organization.* UNKNO

Satpathy, B. B. (2004). *Socio-political and administrative history of ancient India* (*Early time to 3rd Century A.D*). Motilal Banarasidas.

Turner, J. (1995). *The structure of sociological theory*. Rawat Publications Jaipur.

Tylor, E. B. (1988). *Dictionary of anthropology.* New Delhi: Ashwani Goyal.

❖❖❖